# जिल्ला शिक्षा कार्यालय झापा  अन्तरगत सञ्चालित प्राविधिक धार तर्फका विद्यालयहरुको निरीक्षण प्रतिवेदन

**२०७३ फाल्गुण**

प्रतिवेदक

डा. आनन्द पौडेल

उपसचिव, शिक्षा मन्त्रालय

## सन्दर्भ

शिक्षा मन्त्राललले राष्ट्रिय पाठ्यक्रम प्रारुप, विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तरगत प्राविधिक शिक्षाको सहज पहुच सुनिपश्चत गर्ने उद्देश्यका साथ साधारण माध्यमिक विद्यालयहरुमा कक्षा ९ देखिकक्षा १२ सम्म प्राविधिक धारको व्यावसायिक शिक्षाको प्रारम्भ गरेको छ । प्राविधिक धार तर्फ विभिन्न पाँच विषय क्षेत्रहरुमा कक्षा सञ्चालन गरिएको छ। देशभर यस्ता विद्यालयहरुको सङ्ख्या ९९ ओटा रहेका छन् ।

मन्त्रालयले विद्यालयको पूर्वाधार पुगेका सामुदायिक विद्यालयहरुमा सञ्चालित यस प्रकारका विद्यालयहरुले जनचाहना अनुसार प्राविधिक तथा रोजगारमुखी जनशक्ति उत्पादन कार्यमा सहजता पुग्ने अवसर प्रदान गरेको छ । साथै आर्थिक रुपमा कमजोर, घरयासी रुपमा अन्यत्र गइ प्राविधिक शिक्षा हासिल गर्न असक्षम तथा प्राविधिक क्षेत्रमा कार्य गर्न इच्छुक सवैलाई यसप्रकारको व्यवस्था लाभकारी हुने अवस्था सिर्जना भएको छ ।

प्राविधिक विद्यालयको सञ्चालन तथा व्यवस्थापन कार्यका लागि नेपाल सरकारले नयाँ पाठ्यक्रमको व्यवस्था गरि कार्यान्वयनमा ल्याएको छ । उक्त विषय पठन पाठनका लागि प्राविधिक तर्फका  प्रशिक्षक, सहायक प्रशिक्षक आदिको प्रवन्ध गरेको छ। प्रयोगात्मक अभ्यासका लागि ल्याव व्यवस्थापन गर्न पर्याप्त रकमको पनि प्रवन्ध गरेको छ । प्रशिक्षकलाई शिक्षण तथा प्रशिक्षण कार्यमा सहजताप्रदान गर्न प्रक्षिक्षक तालिमको प्रवन्ध पनि गरिएको छ ।

प्राविधिक धार तर्फ दुई  व्याच प्प्राविधिक एसएसलसीका ग्र्याजुएटहरु उत्पादन भइ सकेका छन्। त्यसैगरी कक्षा ११ को नतिजा पनि एक व्याचको भइ सहेको छ । कक्षा ११ को नतिना सन्तोषजनक देखिएन । कूल ९९ विद्यालयहरुमध्ये २८ विद्यालयहरुको कक्षा ११ को नतिजा शून्य हुन गएको अवस्था छ । यसले प्राविधिक धारतर्फका विद्यालयहरुमा पठनपाठन, शैक्षिक अवस्थाका बारेका सूक्ष्म अनुगमन तथा अवलोकन गरी मुख्य समस्या यकिन गर्न अत्यावश्यक देखिएको सन्दर्भमा यो अनुगमन कार्य सम्पन्न गरिएको हो ।

## अनुगमनको उद्देश्य

यो अनुसन्धान कार्यको उद्देश्य देहायवमोजिम रहेको छ

१ प्राविधिक धार तर्फका विद्यालय सञ्चालनको अवस्था यकिन गर्नु

२.	प्राविधिक धार तर्फ रहेको मुख्य मुख्य समस्याहरु यकिन गर्नु

३.	प्राविधिक धार तर्फको विद्यालय सञ्चालन तथा व्यवस्थापममा सुधार गर्न पर्ने	पक्षहरु पहिचान गर्नु

अनुगमन गर्दा अपनाइएको विधि तथा प्रक्रिया

क)	जिल्ला शिक्षा कार्यालयका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया

ख)	प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको, कक्षा सञ्चालन प्रक्रियाको अवलोकन

ग)	विद्यार्थी तथा शिक्षक तथा अभिभावकहरुसँग अन्तरक्रिया तथा छलफल

घ)	विद्यालयका प्रधानाध्यापकसँग अन्तरक्रिया

ङ)	विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफल तथा अन्तरक्रिया

प्राप्त सूचना

विद्यार्थी:

- आफ्नै घरपरिवेशमा प्राविधिक धार तर्फको शिक्षामा सहभागिता हुन पाउदा ज्यादै खुशी लागेको
- कम खर्चमा पनि प्राविधिक शिक्षा पढ्न पाउनु हाम्रो शौभाग्य हो
- सैद्धान्तिक विषयवस्तु बढी भएकाले पठन पाठनमा समस्या देखिएको र प्रयोगात्मक पक्षलाई यथेष्ट समय दिन नसकिएको
- कतिपय विषयमा योग्य प्रशिक्षक पाउन कठीन भएकाले सही रुपमा पठनपाठन हुन नसकेको
- शिक्षक विरामी परेको अवस्थामा पठनपाठन ठप्प हुने अवस्था रहेकाले कोर्ष सक्न पनि कठिन हुने अवस्था रहेको

- परीक्षा केन्द्र जिल्ला भन्दा बाहिर तोकिएकाले परीक्षाको समयमा वातावरणीय रुपमा अनुकूलन गर्न समस्या भइ राम्रो सँग परीक्षा दिन नसकिएको

**शिक्षक / प्रशिक्षक**

- पाठ्यक्रमअनुसारको पठन सामग्रीको अभावका कारण पठन पाठनमा समस्या भोग्नु परेको
- प्रशिक्षकलाई तालिमको प्रवन्ध नभएकाले पठन पाठनलाई बढी प्रभावकारी बनाउन नसकिएको
- पारिश्रमिक न्यून भएकाले नोकरीका लागि अन्यत्र प्रयास निरन्तर गर्ने अवस्थाका कारण अध्यापन तर्फ कम आकर्षण हुने गरेको
- पाठ्यक्रम तथा पाठ्यवस्तु बीच सामन्जस्य हुन नसकेको ।
- कक्षा ८ सम्म नेपाली माध्यमबाट पढेर आउने विद्यार्थीका कारण अङ्ग्रेजी माध्यममा पठन पाठन गर्दा बढी समय लिने र सिकारुले सिक्न तुलनात्मक रुपमा समस्या भोग्ने गरेको
- विद्यालयमा इन्टरनेट सुविधा कमजोर र कतिपय विद्यालयमा नभएका कारण प्राविधिक विषय पठनपाठनमा समस्या भोग्दै आइएको
- प्राविधिक सहयोग पद्धति विकास नभएकाले समस्या परेका वखत कहाँ कोसँग  सम्पर्क गरी समाधान गर्ने भन्ने पक्ष अन्योलपूर्ण रहेको
- पठनपाठनको सुपरिवेक्षण तथा निरीक्षणको व्यवस्था नभएकाले गुणस्तरीय पठनपाठनको अवस्था सुनिश्चित हुन नसकेको
- प्राविधिक धारतर्फ प्रशिक्षण गर्ने शिक्षकलाई विद्यालयले ल्यापटप सम्म उपलब्ध गराउन नसकेको कारण विश्व ज्ञान सँग तुलना गरी पठनपाठन गर्न कठिनाइ रहेको
- कक्षा १० पछि के? कक्षा १२ समाप्त भएपछि अनिवार्यरुपमा गर्नु पर्ने ओजेटिको व्यवस्था के? कसरी? भन्ने पक्ष अन्योलमा रहेकाले अस्पस्टता बीच कार्य गरी रहनु परेको ।

**विद्यालय व्यवस्थापन समिति**

- प्रशिक्षकलाई टिकाइ राख्नमा समस्या
- प्रशिक्षकको पारिश्रमिक कम
- कक्षा १२ सम्मको निरन्तरता हुने नहुने अन्यौल
- ओजेटीसम्बन्धी व्यवस्था के कसरी
- प्रयोगात्मक कार्यका लागि आवश्यक शैक्षिक सामग्रीको दिगोपना कसरी राख्ने भन्ने पक्ष कठिन
- ल्याव व्यवस्थापनका लागि आवश्यक कक्षाकोठाको अभावका कारण ल्याव सञ्चालनमा कठिनाइ
- प्रधानाध्यापक प्राविधिक विषयमा अनविज्ञ भएकाले उसको भुमिकाका बारेमा अभिमुखीकरण आवश्यक देखिएको

**जिल्ला शिक्षा सम्बन्ध कर्मचारीहरु**

- कार्यक्रम राम्रो तर  धेरै विषयमा अझै पनि अन्यौल कायम
- शिक्षक तथा प्रशिक्षक व्यवस्थापनमा समस्या
- निरीक्षण तथा अनुगमन कार्यले कुनै पनि प्राविधिक सहयोग गर्न सक्ने क्षमताको अभाव
- कक्षा १० पछि के गर्ने भन्ने पक्षमा अन्यौलता कायम
- ओजेटिको प्रवन्ध के कसरी भन्ने पक्ष अझै पनि जिल्लालाई स्पस्ट जानकारी आउन नसकेको
- प्रशिक्षकको लागि पारिश्रमिक ज्यादै कम

**क्षेत्रीय शिक्षा निर्देशक**

अनुगमनका क्रममा क्षेत्रीय शिक्षा निर्देशक पूर्वाञ्चलसँग पनि झापामा भेट भएको थियो । उक्त कममा प्राविधिक विद्यालयका सन्दर्भमा क्षेत्रीय शिक्षा निर्देशकको केकस्तो अनुभव रहेको छ भनी केही क्षण छलफल तथा अन्तरक्रिया पनि सम्पन्न भएको थियो । छलफबाट प्राप्त सूचना तल उल्लेख गरिएको छ ।

- कार्यक्रम राम्रो समुदाय तथा अभिभावकहरुबाट वाराम्वार खुशी व्यक्त गरेको तर उनीहरुको पठनपाठनको निरन्तरतामा प्राय प्रश्न उठाउने गरेको अवस्था
- प्रशिक्षक टिकाउनमा समस्या प्राविधिक विद्यालयको बारेमा पर्याप्त प्रवोधीकरण हुन नसकेकाले धेरै विषयहरुमा अन्यौलता कायम
- प्राविधिक विद्यालयका सञ्चालक तथा व्यवस्थापकहरुका समस्याहरुको सुनुवाइ हुने गर्ने कार्यको प्रारम्भ नै नभएको अवस्था
- पर्याप्त ल्याव तथा ल्यावमा आधारित पठनपाठन हुन नसकेको अवस्था
- क्षेत्रीय वा राष्ट्रिय रुपमा प्राविधिक विद्यालयका सञ्चालक तथा व्यवस्थापकहरुको गोष्टी गरी वास्तविक समस्याहरु सुन्ने कार्यको थालनी हुन अत्यावश्यक

विश्लेषण

१. विद्यार्थीहरुमा पठनपाठन प्रति निकै ठूलो उत्साह रहेको अवस्था देखिन्छ। विद्यार्थीहरु स्वस्फुर्त रुपमा उत्प्रेरणाका साथ पठनपाठनमा तल्लिन भएको अवस्था विद्यमान छ । यसबाट स्थानीय र विद्यालय तहमा नै प्राविधिक धार तर्फको विषयको व्यवस्था बढी उपयोगी भएको भन्नेमा विद्यार्थीहरु विश्वस्थ रहेकाछन्।

उनीहरुका कक्षा १२ सम्म नै निरन्तर पढ्न पाइने हो वा अन्यत्र फेरी जानु पर्ने हो भन्ने आशङ्का रहेको अवस्था छ । कतिपय विद्यालयहरुमा कक्षा ११ र १२ सञ्चालन भएको अवस्था देखिएन।

२ प्रशिक्षकहरु अध्यापन तथा प्रशिक्षण कार्यमा जिम्मेवार पूर्ण रूपमा लागि परेका छन् । विद्यालयको अवस्था र स्थान र व्यवस्थापनको उपलब्धताका आधारमा प्रयोगात्मक पक्षलाई पनि उत्तिकै रुपमा प्राथमिकता दिइएको अवस्था देखिन्छ । तर कक्षाकोठा,

प्रयोगात्मक अभ्यासका लागि पर्याप्त कक्षा कोठाको प्रवन्ध हुन नसकेको पनि छ। यसबाट तोकिएको मापदण्डका आधारमा प्रयोगात्मक अभ्यासहरु हुन नसकेको अवस्था देखिन आएको छ । शैक्षिक गुणस्तरमा समस्या उत्पन्नहुने अवस्था देखिन आएको छ ।

३ पाठ्यक्रम अनुसारको पाठ्यसाग्री नभएकाले पठपाठन कार्यमा समस्या भोग्नु पर्ने अवस्था विद्यमान रहेको छ। शिक्षकहरुले पठनपाठनका लागि पर्याप्त अध्ययन सामग्री जुटाउन समस्या परेको अवस्था देखिन्छ । विद्यालयको भौतिक वातावरण, स्रोत र साधनको उपलब्धतामा सहज रहेको अवस्था देखिदैन । प्राविधिक धार तर्फको लागि तोकिएको पाठ्यक्रममा आधारित स्रोत सामग्रीको अभाव महसूस गरेको अवस्था छ । नेट तथा इन्टरनेन सुविधा सहज देखिएन । प्रशिक्षकलागि ल्यापटपको व्यवस्था गरेको अवस्था पनि देखिएन। यसबाट उनीहरुलाई गुणस्तरीय शिक्षण गर्न आवश्यक सहजकारी वातावरण प्राप्त भएको अवस्था रहेन ।

४. कक्षा ८ सम्म नेपालीमा पठनपाठन गदै आएका विद्यार्थीलाइ एकै पटक कक्षा ९ मा अङ्ग्रेजी माध्यममा र त्यसमा पनि पाठ्यपुस्तकको अभावमा अध्यापन गराउनमा निकै ठूलो समस्या भोग्न परेको अवस्था देखिन आएको छ । कतिपय विद्यार्थीहरुलाई सहजरुपमा प्राविधिक शव्दावली , प्राविधिक विषयको आधारभूत जनाकारी गराउनमा पनि समस्या भोग्नु परेको यथार्थता देखिन्छ ।

४ विद्यालयमा इन्टरनेटको सुविधा, IT ल्यावको सुविधा उपयोग गर्न सक्ने अवस्था देखिएन। प्रशिक्षकलाई समेत प्रशिक्षण सहजीकरणका लागि ल्यापटपको प्रवन्ध हुन नसकेकाले पठनपाठनलाई थप व्यवस्थित गराउन सकेको अवस्था देखिएन । यसबाट पाठ्यसामग्रीको अभावमा स्रोत सामग्रीहरु खोजी गरी अध्ययन अध्यापन कार्यलाई स्तरीय बनाउन सकेको अवस्था छैन ।

५ पाठ्यक्रम केही वोझिलो भएको , कक्षा ९ र १०, १० र ११ वीचको पाठ्यवस्तुमा सामञ्जस्यता हुन नसकेको अवस्था देखिन आएको छ । शिक्षक तथा विद्यार्थी दुवै पक्ष यसमा सहमत छन् ।

६. प्रशिक्षकहरुका लागि तालिमको प्रवन्ध नभएकोले पठनपाठनमा समस्या रहेको देखिन आयो । प्रशिक्षकलाई पठनपाठनमा कुनै प्राविधिक समस्या आइ परेको अवस्थामा कहाँ

कोसँग सम्पर्क गरी समाधान गर्ने भन्ने पक्षको व्यवस्था हुन नसकेका कारण प्रशिक्षण कार्यमा समस्या उत्पन्न हुने गरेको अवस्था देखिन आएको छ । साथै केही विषयक्षेत्रहरुमा वाह्य स्रोत व्यक्ति पनि स्थानीय तहमा पाउन कठिन भएकाले पाठ्यक्रमले तोकेको गुणस्तर तथा सिकाइ उपलब्धि हासिल निर्वाध रुपमा गराउनमा समस्या देखिन आएको छ । जिल्ला शिक्षा कार्यालयमा प्राविधिक जनशक्तिको उपलब्धता छैन । यसबाट जिल्ला तहबाट नै प्राविधिक विषयमा परेका समस्या हल हुने अवस्था देखिएन ।

७ प्राविधिक विद्यालयका सञ्चालक तथा व्यवस्थापक एवम् प्रशिक्षकका आफ्ना समस्याहरु व्यक्त गर्ने स्थान, अवसर र मौकाको प्रवन्ध समेत नगरिएको अवस्थाका कारण कतिपय अवस्थामा उनीहरुमा अन्यौलता रहेको देखिन्छ। ओजेटीको प्रवन्ध कसरी गर्ने, यसकार्यको व्यवस्थापन केहो, ओजेटी गराउने संस्थासँगको सहकार्य के कसरी? आर्थिक व्यवस्थापन के कसरी भन्ने पक्षहरुमा पनि उनीहरुमा अन्योलता देखिन्छ । वार्षिक रुपमा गोष्टी वा सेमिनार वा क्षेत्रीय रुपमा भने पनि उक्त प्रकारका सेमिनार वा गोष्टी नभएका कारण विविध पक्षहरुमा उनीहरुमा अन्योल रहन गरेको अवस्था देखिन आएको छ ।

निष्कर्ष

१. कक्षा ९ मा प्राविधिक धारसञ्चालन गर्ने विद्यार्थीले निर्वाध रुपमा कक्षा १२ सम्म पठनपाठन गर्न पाउने कुराको सुनिश्चितता भर्नाका समयमा नै गर्न उपयुक्त हुने देखिन्छ । यसबाट उनीहरुमा कम्तिमा पनि कक्षा १२ सम्मको विद्यालय शिक्षा पूरा गर्ने अवसर प्राप्त हुन जान्छ । यसप्रति विद्यार्थी र उनका अभिभावक तथा विद्यालय सञ्चालकहरु बढी चिन्तित छन् ।

२ प्राविधिक धार तर्फ प्रशिक्षण कार्यमा कार्यरत प्रशिक्षकको पारिश्रमिक ज्यादै न्यून देखिन आयो । यसका कारण उनीहरुको टिकाउ दर ज्यादै समस्यामूलक रहन पुगेको छ । पठनपाठनमा पूर्णरुपमा समर्पित भावले सक्रियता देखाउने अवस्था देखिएन । निरन्तर अन्य निकायमा जागिरका लागि प्रयत्न गर्ने अवस्था देखिएको छ । यसका लागि उनीहरुको पारिश्रमिकका पुनर्व्यवस्थापन हुन अत्यावश्यक देखिन्छ ।

३ पाठ्यक्रम तथा तिनको स्तरमा समस्या देखिन आएको छ । प्रत्येक धारको पाठ्यक्रममा रहेको समस्या यकिन गरी तत्काल पाठ्यक्रममा सुधार अत्यावश्यक देखिएको छ ।

४ ओजेटिको व्यवस्थालाई तत्काल विद्यालहरुमा जानकारी गराउनु पर्ने अवस्था देखिएको छ । यसको समग्र व्यवस्थापन र आर्थिक पक्षसम्बन्धी प्रवन्ध समेतलाई शीघ्र जानकारी गराउन उपयुक्त देखियो।

५ प्रशिक्षकहरुलाई तालिम दिन सकेको अवस्था रहेन । तालिमका लागि प्रशिक्षकहरु तयार छन् । तालिम खोजेका छन् । अत: उनीहरुलाई तालिमको प्रवन्ध जरुरी देखिन आएको छ ।

६ प्रशिक्षकहरुलाई प्रशिक्षणका क्रममा परेका प्राविधिक समस्याहरु समाधान हुने अवस्था जिल्ला तथा विद्यालय तहमा छैन । यसका लागि सम्भावित निकाय वा सस्था पहिचान गरी सम्पर्क स्थापित गराउन उपयुक्त देखिन आएको छ ।

७ प्राविधिकहरु तथा सिकारु दुवैले पाठ्यसामग्रीको अभावमा उनीहरुलाई पठनपाठनमा समस्या भएको अवस्था वताएका छन् । विद्यालय तथा समुदायमा अन्य शैक्षिक सामग्रीको व्यवस्था छैन । साथै इन्टरनेट सुविधा सहितको ICT ल्यावको प्रवन्ध पनि छैन । यसबाट न्यूनतम पठनसामग्रीको अभावमा पठनपाठन गर्नु पर्ने अवस्था छ । अत: यसतर्फ उच्च प्राथमिकता दिइ सहज वातावरण तयार गर्न अत्यावश्यक देखिन आएको छ ।

८ प्रशिक्षक कार्यमा सम्लग्न शिक्षकहरुलाई न्यूनतम रुपमा अत्यावश्यक एक ल्यापटप समेतको प्रवन्ध भएको अवस्था छैन । यसका कारण उनीहरुले आफ्नै निजी साधन प्रयोग गर्न पर्ने अवस्था देखियो। यो अवस्थाको तत्काल निरुपण हुन अत्यावश्यक देखियो । कम्तिमा पनि प्रशिक्षण कार्यमा सम्लग्न व्यक्तिहरुलाई अनिवार्यरुपमा एक एक ल्यापटपको प्रवन्ध गर्न अत्यावश्यक देखिन आएको छ ।

९ प्राविधिक धार सञ्चालन गर्ने प्रशिक्षक तथा सञ्चालकहरुका लागि राष्ट्रिय वा क्षेत्रीय गोष्ठी वा सेमिनार मार्फत सूचनाको प्रवोधीकरण, समस्याको सुनुवाइ र सम्बोधन गर्ने अभ्यासको थालनी गर्न अत्यावश्यक देखिन आएको छ। उनीहरुका समस्या सुन्ने र समाधान गर्ने वातावरण सिर्जना गर्न, शैक्षिक गुणस्तरमा सुधारगर्न यस प्रकारका कार्यक्रम अत्यावश्य देखियो ।

सिकाइ

१. न्यूनतम सहजकारी वातावरण विना गुणस्तरीय शिक्षण र सिकाइ सम्भव छैन । प्राविधिक धारका लागि प्रारम्भिक कार्य नै न्यूनतम सहजकारी वातावरण निर्माण हो । सहजकारी वातावरण निर्माणको पक्ष धार सञ्चालन भएको दुई वर्ष सम्म पनि पूरा हुन सकेको अवस्था रहनु कार्यक्रमको डिजाइनमा नै समस्या हो भन्ने सिकाइ रह्यो ।

२ साधारण सामुदायिक विद्यालयहरुमा प्राविधिक धार सञ्चालन गर्दा कक्षा ८ को साधारण धारबाट प्राविधिक धारमा जादा सङ्क्रमण कालिन अवस्थामा सिकारु रहने कुरा यथार्थ हो । माध्यमका कारण र विषयवस्तुको प्राविधिक प्रकृतिका कारण उनीहरुमा उक्त समस्या रहनेकुरालाई यथेष्ट ध्यान दिइ यसको व्यवस्थापन गर्न पद्धतिले सकेको रहेनछ भन्ने सिकाइ रह्यो। केही समय उनीहरुलाई प्राविधिक शव्दावली, प्राविधिक विषयका विशेषता सामान्य अवधारणा जस्ता कार्यमा प्रदान गर्न उपयुक्त हुने सिकाइ रहेको छ ।

३ प्राविधिक धारमा सम्लग्न प्रशिक्षकले प्रशिक्षणका क्रममा भोगेका प्राविधिक समस्याको समाधान अत्यावश्यक छ। तर त्यसको उचित प्रवन्ध पद्धतिले गर्न सकेको अवस्था देखिएन। कम्तिमा पनि सम्पर्क गर्ने निकाय पहिचान गर्ने, प्राविधिक समस्याहरुको जाहेरी गर्ने र तिनको समाधान गर्ने संस्थागत प्रवन्ध गर्नु अनिवार्य हुने सिकाइ रह्यो ।

४ प्राविधिक धार तर्फको शिक्षा सञ्चालन गर्दा प्रशिक्षकको प्राविधिक विशेषज्ञताका आधारमा पारिश्रमिक व्यवस्थापन हुन नसकेका कारण प्रशिक्षकको टिकाउपनामा अत्यन्त समस्या रहन गएको छ । यस पक्षलाई धार सञ्चालनका समयमा यथेष्ट ध्यान दिन नसकेको अर्को सिकाइ रहन गएको छ ।

५ धार सञ्चालन पूर्व विद्यालय, विद्यालय व्यवस्थापन, प्रशिक्षक तथा सिकारु समेतलाई धारको विशेषता, सञ्चालन प्रक्रिया, उच्च शिक्षासँगको निरन्तरता, प्रयोगात्मक पक्षको व्यवस्था, ओजेटीको प्रवन्ध र यसका विभिन्न निकायको भूमिका जस्ता पक्षहरुमा अभिमूखीकरण गरी वास्तविक सूचनाका बारेमा सचेत गराइ धार सञ्चालन गर्दा प्राविधिक धार सञ्चालनमा थप सहज हुने अर्को सिकाइ रहन गएको छ । यो पक्ष कार्यान्वयन तहमा ज्यादै कमजोर रहेको अवस्था छ ।